


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

◆बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
◆उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
◆त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

❑ वर्ष २३ ❑ अङ्क ९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख ९ गते शुक्रबार ❑ 22 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कास्कीमा भयरहित निर्वाचनका लागि गृहकार्य सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

स्थानीय तहको चुनाव नजिकिँदै गर्दा जिल्ला प्रशासन कार्यालय कास्कीले भयरहित, निष्पक्ष चुनावका लागि आवश्यक गृहकार्यको प्रक्रियालाई अगाडि बढाएको जनाएको छ।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि कास्कीका प्रमुख जिल्ला अधिकारी जयराम आर्चायको अध्यक्षतामा बसेको बैठकले स्थानीय तह निर्वाचन-२०७९ तयारीका आवश्यक गृहकार्य अगाडि बढाएको कास्कीका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद रिजालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनका लागि चैत २५ गते रातिबाट निर्वाचन आचारसंहिता लागू भए पश्चात् चुनाव केन्द्रित गतिविधिलाई मध्यनजर गरेर आवश्यक गृहकार्य गरेका छौँ, कास्कीका चार गाउँपालिकामा सशस्त्र प्रहरी बलको तीन वटा मोबाइल गस्ती हुनेछ भने ३० मिनेटमा सबै मतदान केन्द्रमा पुग्ने गरी सेना तैनाथ हुनेछन् ।"

उहाँका अनुसार कास्कीमा १५० मतदानस्थल र ३३६ मतदान केन्द्र रहने छन् । मतदान केन्द्रमा अपाङ्गता भएका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिएर मतदान गर्ने व्यवस्था मिलाइएको छ । सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरेर कमाण्ड पोष्ट तयार गरिएको छ । त्यसैगरी आज बिहान मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । पोखरा उपत्यका नगरविकास समितिमा रहने गरी कार्यालयको स्थापना गरिएको उहाँले जानकारी दिनुभयो । सो कार्यालयको कास्की जिल्ला अदालतका न्यायधीश एवं मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराइले उद्घाटन गर्नुभयो । कार्यालय स्थापनासँगै निर्वाचनलाई भयरहित स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न सहज भएको र अब निर्वाचन तालिका अनुसार कार्यक्रम अघि बढ्ने मुख्य निर्वाचन अधिकृत भट्टराइले जानकारी दिनुभयो ।

त्यसैगरी कास्कीका ४ गाउँपालिकामा पनि आज नै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । कास्कीमा दुई लाख ८१ हजार ८३३ मतदाता छन् । तीमध्ये एक लाख ३३ हजार ७४२ पुरुष र एक लाख ४८ हजार ८७ महिला रहेका छन् । तेस्रो लिङ्गीको सङ्ख्या भने चार रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । अघिल्लो स्थानीय तहको चुनावको तुलनामा अहिले कास्कीमा ५७ हजार २२ मतदाता थपिएको निर्वाचन कार्यालय कास्कीका सूचना अधिकारी रुद्र न्यौपाने जानकारी दिनुभयो ।

## एसइई परीक्षाको सबै तयारी पूरा

**रासस**
**पोखरा, ८ बैशाख**

वैशाख ९ गते अर्थात् शुक्रबार बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ।

कोरोना महामारीका कारण शैक्षिकसत्र २०७६ र २०७७ मा विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसइईको नतिजा सार्वजनिक गरेको थियो। यस वर्ष भने सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमै सञ्चालन गर्ने गरी तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो । परीक्षाका लागि ती केन्द्रहरूमा आवश्यक पर्ने प्रश्नपत्र, उत्तरपुस्तिकालगायतका आवश्यक सामग्री जिल्ला-जिल्ला पठाइसकेको उहाँले जानकारी दिनुभयो। एसइईका परीक्षा नियन्त्रक अर्जुन रायमाझीले परीक्षाका लागि देशभर दुई हजार सात परीक्षा केन्द्र निर्धारण गरिएको जानकारी दिनुभयो । उहाँले परीक्षामा यस वर्ष ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ जना गरी कूल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी परीक्षामा सहभागी हुने भएका छन् ।

दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी र प्राविधिक धारकातर्फका २ ९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी पनि एसइईमा सहभागी हुँदैछन् । परीक्षामा सबैभन्दा कम मनाङबाट ४३ विद्यार्थी सहभागी हुँदैछन् । एसइईमा नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयका २० विद्यार्थी पनि सहभागी हुने भएका छन् ।

बोर्डले परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको छ। यस वर्षको एसइई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समिति, परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजुको कामसमेत गर्ने भएको अध्यक्ष शर्माले जानकारी दिनुभयो । परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समितिलाई परिचालन गरेको छ। बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेशअनुसारका सबै जिल्लालाई प्रदेशले निर्देशन दिने तथा अनुगमन गर्ने गरी व्यवस्था गरिएको छ।

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजु गरेर बोर्डले नतिजा प्रकाशन गर्ने उहाँले बताउनुभयो। अध्यक्ष शर्माले भन्नुभयो, "यस वर्ष एक महिना ढिलो गरी परीक्षा सुरु हुँदैछ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, त्यसले नतिजाका केही दिन तलमाथि हुनसक्ला, यद्यपि बोर्डले साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र सुरु हुनुअघि नै एसइईको नतिजा सार्वजनिक गरिसक्ने लक्ष्य लिएका छौँ।"

कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभाभिव भएपछि चैत महिनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १-१० को आगामी शैक्षिकसत्र सुरु गर्ने गरी शिक्षा मन्त्रालयले व्यवस्था गरेको छ।

## गण्डकीका ४६ हजार १९१ विद्यार्थी एसइई परीक्षामा सहभागी हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

गण्डकी प्रदेशमा यस वर्षको एसइई परीक्षामा ४६ हजार १९१ विद्यार्थी सहभागी हुने भएका छन् । शुक्रबारदेखि सुरु हुने परीक्षाका लागि प्रदेशका ११ वटै जिल्लाका कूल एक हजार ३४१ विद्यालयबाट नियमिततर्फ ४५ हजार १५५, प्राविधिक धारतर्फ ८१५ र ग्रेड वृद्धितर्फ २२१ विद्यार्थी सहभागी बन्न लागेको प्रदेश शिक्षा विकास निर्देशनालयका निर्देशक अम्बिका आचार्यले जानकारी दिनुभयो ।

परीक्षाका लागि मनाङ र मुस्ताङबाहेक अन्य जिल्लामा होम सेन्टर नपर्ने गरी २२३ परीक्षा केन्द्र कायम गरिएको छ। प्रदेशमा सबैभन्दा बढी कास्की जिल्लाका २९१ विद्यालयका १० हजार ६२१ विद्यार्थी सहभागी बन्नेछन् । जिल्लाका ११७ सामुदायिक, १५९ निजी र १५ वटा गुरुकूल तथा गुठी विद्यालयबाट एसइई परीक्षामा परीक्षार्थी सहभागी हुन लागेको जिल्ला शिक्षा समन्वय एकाइ कास्कीका प्रमुख नारायण सुवेदीले जानकारी दिनुभयो ।

त्यस्तै सबैभन्दा कम हिमालपारिको जिल्ला मनाङका चार विद्यालयबाट ४३ परीक्षार्थी सहभागी बन्न लागेको निर्देशनालयले जनाएको छ । परीक्षा सञ्चालनका लागि २२३ केन्द्राध्यक्ष, ३१२ सहायक केन्द्रध्यक्ष, दुई हजार ३११ निरीक्षक, ४५८ परीक्षा सहायक, ९२५ कार्यालय सहयोगी र करिब तीन हजार ३४५ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्देशनालयले परीक्षा सञ्चालनका लागि सबै जिल्लामा रकम र उत्तरपुस्तिका पठाइसकेको र जिल्लाले सम्बन्धित परीक्षा केन्द्रमा उत्तरपुस्तिका पठाइसकेको उहाँले जानकारी दिनुभयो। निर्देशनालयका अनुसार राष्ट्रिय परीक्षा बोर्ड (पनिका)बाट प्रश्नपत्र यसअघि नै सम्बन्धित जिल्लामा पठाइसकिएकामा जिल्लाले परीक्षा केन्द्र नजिकैका प्रहरी चौकीमा पुर्‍याइसकेको छ । परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन सबै जिल्लाका परीक्षा समन्वय समितिबाट सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकी निजहरूलाई अभिमुखीकरण गराइसकिएको जनाइएको छ । राष्ट्रिय परीक्षा बोर्ड नियमावलीमा २०७८ माघ २४ मा पहिलो संशोधन भई हालसम्म परीक्षा नियन्त्रण कार्यालयबाट हुँदै आएको परीक्षार्थीको मार्क इन्ट्री र नतिजा तयारीको काम अबदेखि प्रदेश शिक्षा विकास निर्देशनालयबाट हुने व्यवस्था गरिएको छ। यसका लागि प्रदेश शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरिएको छ।

## पुम्दीकोटमा जारी महायज्ञमा एक करोड संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

पोखरा २२ (पुम्दी-भुम्दी) को पुम्दीकोटमा जारी महायज्ञमा एक करोड रुपैया संकलन भएको छ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत बिहिबारसम्म एक करोड रुपैया संकलन भएको महायज्ञका आर्थिक उपसमिति सदस्य भवनराज बरालले जनाए । महायज्ञको पाचौं दिन करिब १५ लाख २० हजार रुपैया मात्र संकलन भएको समितिले जनाएको छ। बिहिबार महायज्ञमा पोखरा २२ फुर्सेखोला निवासी इन्स्युवा तामाङ, डबल्स म्याकलनले २ लाख २५ हजार १ सय रुपैया सहयोग गरेको सदस्य बरालले बताए। महायज्ञमा वसन्त कुमार लिगलबाट २ लाख २५ हजार, स्थानिय.इन्द्र प्रसाद बरालबाट १ लाख २३ हजार ८ सय ९२ रुपैया सहयोग गरेका हुन्।

त्यसै गरी महायज्ञमा पोखरा १७ को विरौटा पेन्ट्स स्टील एण्ड एल्मुनियम हाउस, पोखरा २२ डाँडाथोक निवासी भवनराज बराल र स्थानिय शेषकान्त बरालबाट जनही ५५ हजार ५ सय ५५ रुपैया सहयोग गर्नु भएको हो । त्यस्तै पूर्व कर्मचारी सेवा परिषद कास्की शाखाले ५१ हजार, पोखरा १७ को शुसन्त टोल आमा समुहबाट ५० हजार ५ सय ५५, स्थानिय विकास मुलक आमा समुहबाट ४३ हजार १ सय ५१ रुपैया महायज्ञमा प्राप्त भएको समितिले जनाएको छ।

महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन्। पोखराको पार्दी विरौटा(बराल फिड) देखि पुम्दीकोटसम्म जाने बसको व्यबस्था गरिएको समितिका उपाध्यक्ष हिमलाल बरालले बताए। दाताहरुलाई महायज्ञ स्थलमा पन्चे बाजागाँजा सहित भजन चुड्काको साथमा अभिनन्दन सहित सम्मान गर्ने गरिएको आर्थिक उपसमिति संयोजक डिल्लीराम बरालले बताए।

## ७५३ स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना

**रासस**
**काठमाडौं, ८ बैशाख**

आसन्न स्थानीय तह निर्वाचन सम्पन्न गराउन बिहीबार ७७ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृत र ६७६ स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। ७७ जिल्लाका मुख्य निर्वाचन अधिकृतले जिल्ला सदरमुकाम रहेको स्थानीय तहको केन्द्र र ६७६ निर्वाचन अधिकृतले सम्बन्धित पालिकाको केन्द्रमा कार्यालय स्थापना भएको आयोगले जनाएको छ।

कार्यालयले यही वैशाख १० गतेसम्म व्यवस्थापकीय कार्य गर्नेछन् । 'निर्वाचन कार्यालयले आफूलाई चाहिने कर्मचारी नियुक्त गर्ने, भौतिक सामग्रीको जोहो गर्नेछन्', आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले भन्नुभयो। ११ र १२ गते उम्मेद्वारको मनोनयनको कार्यक्रम राखिएको छ । बिहीबारदेखि जिल्लामा निर्वाचन सामग्री पठाउन थालिएको आयोगले जनाएको छ । मुगु, बजुरा, अछाम, जाजरकोट, ताप्लेजुङ, सोलुखुम्बु र काठमाडौँ जिल्लाका लागि निर्वाचन सामग्री पठाइएको छ। अन्य जिल्लामा पनि क्रमशः

बाँकी अन्तिम पृष्ठमा ▶▶





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## केपी ओली प्रबृत्ति बिरुद्ध गठबन्धन एक हुन आवश्यक

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**




नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रबृति बिरुद्ध गठबन्धन एक हुन आवश्यक भएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

पोखरा २५ हेमजामा बिहीबार आयोजित एक समारोमा वोल्ने वक्ता तथा नेताहरुले ठुलो सर्घष र बलिदानबाट प्राप्त संविधान तथा गणतन्त्रलाई संस्थागत हुन नदिने ओली प्रबृत्ति बिरुद्ध एक हुनु पर्ने बताएका हुन् । पटक पटक संसद विघटन गरी नेपालको संविधान विपरित कदम चाल्ने ओली प्रबृति बिरुद्ध स्थानिय निर्वाचनमा त्यसको परिणाम देखाउनुपर्ने वक्ताहरुले बताएका छन्। कार्यक्रममा वोल्दै गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नेपाली राजनीतिलाई सहि ढंगले लैजान नसके देशमा अराजक र बेतिथि निम्तिने दाबी गर्नु भयो ।

माओबादी केन्द्रका नेता समेत रहनु भएको मन्त्री बरालले मिसन, उद्धेश्य र लक्ष्य पुरा गर्न तर्फ आगामी निर्वाचन केन्द्रित हुनु पर्ने बताउनु भयो । ५ दलीय गठबन्धमा सवैको अस्तित्व विस्कार्य हुने गरी सम्मानजनक ढंगले बाडफाँड हुनुपर्ने र गठबन्धन एक भई एउटै मिसनमा लाग्नुको विकल्प नभएको मन्त्री बरालको भनाई थियो। गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले देशमा अझै पनि अस्थिरता निम्त्याएर केही समुहले मात्र हालीमुहाली गर्न खोजेको आरोप लगाउनु भयो । माओबादी केन्द्र पोखरा महानगरका संयोजक समेत रहनु भएको कोइरालाले स्थानिय निर्वाचनमा गठबन्धन एक भई लाग्नुपर्नेमा जोड दिनु भयो। माओबादी केन्द्र पोखरा महानगर कमिटि अध्यक्ष कृष्ण गिरी विज्ञानले गठबन्धनमा महानगरमा सम्मानजनक ढंगले वितरण गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा नेपाली कागेंस पोखरा २५ का सभापति मधुशुधन त्रिपाठी, माओबादी केन्द्र पोखरा २५ का अध्यक्ष माधव अधिकारी, नेकपा एकिकृत समाजबादीका नेता नारायण अधिकारी, राष्ट्रिय जनमोर्चाका नेता तम बहामदुर रोका लगायतले वोल्नु भएको थियो।

# पोखरा १२ मा कांग्रेसका उम्मेदवार सर्वसम्मत सिफारिस

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

नेपाली कांग्रेस पोखरा १२ ले आगामी बैशाख ३० गते हुन लागेको स्थानीय तहको चुनावको लागि नेपाली काँग्रेसको तर्फबाट प्यानल घोषणा गरेको छ ।

वडा अध्यक्षमा सन्तोष बास्तोला यसैगरी वडा सदस्यमा शान्त बहादुर थापा, गोविन्द प्रसाद सिग्देल, शान्ति कोइरला र गोमादेवी परियारलाई सर्वसम्मत उम्मेदवार बनाएको छ ।



नेपाली काँग्रेसको तर्फबाट वडा अध्यक्षका उम्मेदवार बास्तोला हाल नेपाली काग्रेस वडा इकाई समिति पोखरा १२ का सभापति समेत हुन । वडा अध्यक्षका उम्मेदवार बास्तोलाले पोखरा १२ मा गठवन्धनदलहरु विच मित्रवतरुपमा प्रतिस्पर्धा गर्ने वडा कार्यसमितिको निर्णय बमोजिम सर्वसम्मत उम्मेदवारी घोषणा गरिएको बताए ।

यसै बिच गत स्थानीय चुनावमा नयाँ शक्ति पार्टीबाट पोखरा १२ को वडा सदस्यमा उम्मेदवार रहेकी गोमा देवी परियार नेपाली कांग्रेस प्रवेश गरेकी छन । नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले उनलाई पार्टीको सदस्यता प्रदान गर्दे परियारको कांग्रेस प्रवेशले पोखरा १२ मा नेपाली कांग्रेस अझ मजबुत भएको बताए ।

# नेकपा एमाले पोखरा १७ चुनाव लक्षित कार्यक्रमलाई तिब्रता

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

बैशाख ३० गते हुने स्थानीय निर्वाचनको मिति नजिकिदै गर्दा नेकपा एमाले पोखरा १७ वडा कमिटिले निर्वाचन लक्षित कार्यक्रमलाई तिब्रताका साथ अघि बढाएको छ ।

पोखरा महानगरपालिकाका ३३ वडामध्ये दोश्रो सवै भन्दा बढी मतदाता भएको सो वडा एमालको पकडका रुपमा लिइदै आइएकोमा आगामी निर्वाचनमा पनि पार्टीलाई सम्मानजनक मतका साथ विजयी गराउन नेता तथा कार्यकर्ता सक्रिय बनेका छन् । यस बीच पार्टीले वडा भित्रका टोल तथा इकाईहरुमा आफ्ना चुनाव लक्षित गतिविधि बढाउनुको साथै बिभिन्न रुपमा मतदाताका माझ पनि पुगिएको वडा इकाईका अध्यक्ष ऋषब तिमिलाले जानकारी दिनुभयो ।

उहाँका अनुसार पार्टीले सिफारिस गरेका उम्मेदवार, माथिल्लो कमिटिमा प्रतिनिधित्व गर्ने नेता सहित स्थानीय कार्यकर्ताको भेला सम्पन्न भएको छ । निर्वाचनमा पार्टीकोतर्फबाट सिफारिस गरिएका वडाअध्यक्ष र सदस्यका उम्मेदवार बीच आत्मियता बढाउदै पार्टीको पक्षमा जनमत बढाउन आन्तरिक छलफल एवम् अन्तरक्रियालाई प्राथमिकतामा राखिएको छ ।



उमेदवारका आकांक्षी बीच पनि सकेसम्म आफ्नै पक्षमा निर्णय गराउने र नपाएका अवस्थामा पनि पार्टीको उम्मेदवारलाई विजयी गराउन दत्तचित्त भएर लाग्ने सम्वन्धमा छलफलहरु गंभीरताका साथ बढेको उहाँको भनाई छ ।

भेलाले निर्वाचनलाई लक्षित गरि वडा कमिटि अध्यक्ष तिमिलाको संयोजकत्वमा पार्टीको विभिन्न तहमा रहेका नेता तथा कार्यकर्ता, जनवर्गिय संगठनका प्रमुख तथा प्रतिनिधि सहभागि एक हजार ११७ सदस्यीय निर्वाचन परिचालन कमिटी गठन गरेको छ ।

पोखरा १७ डेमसाईडस्थित पार्टीको वडा कमिटि कार्यालयमा आयोजित भेलामा वडाअध्यक्षमा सिफारिस भएका उम्मेदवारहरु सुवास ढुङ्गाना, राधिका शाही योगी र रघुनाथ शर्मा भण्डारी पार्टीको निर्णयलाई आत्मसाथ गर्दै एमालेलाई विजयी बनाउन आप्न्नोतर्फबाट जस्तो सुकै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटि सचिवालय सदस्य भेषराज बरालले गठबन्धनले मुलुकलाई अस्थिरतातर्फ लैजाने बताउँदै त्यसका विरुद्धमा संगठित हुन पार्टी कार्यकर्ता तथा आम मतदातालाई आग्रह गर्नुभयो ।

नेकपा एमाले जिल्ला कमिटि सदस्य तथा पोखरा १७ का वडाअध्यक्ष तिर्थराज अधिकारीले भौगोलिक हिसाव ठूलो वडामा सिमीत श्रोत साधनको बाबजुद पनि विकासका आधार बनाउन सफल भएको बताउँदै कतिपय अधुरा काम आगामी निर्वाचीत जनप्रतिनिधिले पुरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यसअघि वडामा गठित बिभिन्न १५ वटा टोल कमिटि, जनवर्गिय संगठनका भेला सम्पन्न गरेर नया कमिटिहरु गठन गरिएको वडा सचिव विक्रम गुरुङले जानकारी दिनुभयो । कार्यक्रममा चुनावलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार पार्टी कार्यालयहरु स्थापना गर्ने र निर्वाचन आचार संहितालाई पूर्णरुपमा पालना गर्न गराउन भेलाले सबैमा आव्हान समेत गरेको छ ।

# नेपाली काँग्रेस गण्डकीबाट पोखरा महानगरका लागि उपमेयर १० जनाको सिफारिस

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

आगामी स्थानीय तहको निर्वाचनका लागि पोखराको उपमेयरमा नेपाली काँग्रेस गण्डकीबाट १० जनाको नाम सिफारिस भएको छ ।

प्रदेश सभापति शुक्रराज शर्माको अध्यक्षतामा सम्पन्न पदाधिकारीको बैठकले सो निर्णय गरेको हो । सिफारिस हुनेमा माया बराल कार्की, लक्ष्मी पाण्डे क्षेत्री, आनन्दी राणा कार्की, रंगीला आचार्य, टीकाकुमारी गुरुङ, दीपक मल्ल, मिलन थापा, चिनु गुरुङ, गोविन्द नेपाली र शिव केसी रहनु भएको छ ।

उक्त नामहरु नेपाली काँग्रेस पोखरा महानगर समितिले पठाएकोमा नेपाली काङ्ग्रेस गण्डकीले जस्ताकोतस्तै केन्द्रमा पठाएको पाटीका प्रचार विभाग प्रमुख रमेश पौडेलले जानकारी दिनुभयो ।

त्यसै गरी महानगरले नेपाली काँग्रेसको तर्फबाट मेयरका लागि १८ जनाको नाम सिफारिस गरेको थियो तर गठबन्धन दल भित्रको समाजवादीलाई मेयर पद परेपछि उपमेयरका लागि भने काङ्ग्रेस भित्र रस्साकसी शुरु भएको छ ।

# ७५३ स्थानीय...

निर्वाचन सामग्री पठाइने प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

निर्वाचन सामग्रीको ढुवानीका लागि ढुवानी व्यवसायीसँग प्रतिस्पर्धात्मकरुपमा छट्टाछुट्टै प्रदेशमा बेग्लाबेग्लै ढुवानी व्यवसायीको छनोट गरिएको उहाँको भनाइ छ । मतपत्रको ढुवानीको सुरक्षा नेपाली सेनाले गर्ने र अन्य सामग्रीको नेपाल प्रहरीले सुरक्षा गर्नेछ । निर्वाचनमा आयोगका कर्मचारीसमेत सहभागी हुने र ढुवानी सवारीको जिपिएस ट्र्याकिङ गर्ने व्यवस्था मिलाइएको छ । आयोगले आसन्न स्थानीय तह निर्वाचनको पर्यवेक्षण गर्न ४४ वटा संस्थालाई अनुमति दिएको छ । ती संस्थाका १० हजार बढी पर्यवेक्षकले निर्वाचनको पर्यवेक्षण गर्नेछन् । निर्वाचन सम्पन्न भएको ३० दिनभित्र पर्यवेक्षण गर्ने संस्थाले आयोगलाई आफ्नो प्रतिवेदन दिनुपर्ने प्रवक्ता पौडेलले जानकारी दिनुभयो । ५३ जिल्लाको १ करोड १९ लाख मतपत्र छपाइ गरिएको छ । आयोगले करिब दुई करोड मतपत्र छपाइ गर्ने तयारी गरेको छ । स्थानीय निर्वाचनमा करिब एक करोड ७७ लाख मतदाताको अन्तिम नामावली प्रकाशित भएको छ ।

# एकिकृत पाठ्यक्रम सामाग्री क्षमताबृद्धि तालिम

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

नेशल प्याव्सन कास्कीले एक दिने एकिकृत पाठ्यक्रम सामाग्री क्षमताबृद्धि तालिम सम्पन्न गरेको छ ।

नेपाल सरकारले नयाँ शैक्षिक सत्रबाट लागू हुने गरी ल्याएको एकिकृत पाठ्यक्रम सामाग्रीका वारेमा शिक्षकलाई जानकारी दिने उद्देश्यले एन प्याव्सनमा आवद्ध विद्यालयका ७० जना शिक्षक शिक्षिकालाई तालिम दिएको एनप्याव्सन कास्कीका प्रथम उपाध्यक्ष शिवदत्त तिवारीले जानकारी दिनुभयो । तालिममा पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत खिलनारायण श्रेष्ठले सहजिकरण गर्नु भएको थियो । तालिमको उद्घाटन गर्दै राष्ट्रिय परिक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख विष्णुप्रसाद श्रेष्ठले धेरै विषय वस्तुलाई एकिकृत गरेर ल्याएको पाठ्यक्रमले शिक्षाको गुणस्तर वृद्धि गर्न सघाउने बताउनुभयो । 'पाठ्यक्रम विना अगाडि बढ्ने प्रयत्न गरेका छौ भने अपेक्षालाई पूर्णता दिन सक्दैनौ' उहाँले भन्नुभयो,' शिक्षाको गुणस्तर बृद्धि गर्ने हेतुले नै एकिकृत पाठ्यक्रम सामाग्री आएको हो ।' शिक्षाको गुणस्तर बृद्धिको लागि पाठ्यक्रम अनिवार्य सर्त भएको उहाँको भनाई थियो ।



एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा एन प्याव्सनका केन्द्रीय उपाध्यक्ष यम खड्का, गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर मोची, हिसान गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्ष डा. रामजी शर्मा, एन प्याव्सन कास्कीका द्धितीय उपाध्यक्ष केशवशरण पौडेल सचिव मनकाजी गुरुङले बोल्नु भएको थियो ।


## Embassy of India Kathmandu (Nepal)

Government Of India

## Vacancy : ECHS

1. Ex-servicemen Contributory Health Scheme (ECHS) is a medical scheme launched by Govt of India to provide free medical treatment to the ex-servicemen pensioners and their dependents of Indian Armed Forces. Application are invited for the following post. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | **Medical Officer** | ECHS Polyclinic Pokhara |

2. Last date for submission of application for the above mentioned vacancy is **30 April. 2022.** For terms & conditions and other details, kindly see our website: www.indembkathmandu.gov.in
3. Application alongwith copy of Nagrikata Praman Patra (NPP) and copies of relevant certificates may be sent at the following address.

**Pokhara**
Office-in-Charge
ECHS Polyclinic
Embassy of India
Pension Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# दुई वर्षपछि एसइई परीक्षा

दुई वर्षपछि भौतिक उपस्थितिमा माध्यामिक शिक्षा परीक्षा एसईई शुक्रबारबाट सुरु हुँदैछ। कोरोना महामारीका कारण शैक्षिक वर्ष २०७६ र २०७७ मा एसईई परिक्षा हुन सकेको थिएन । आन्तरिक मूल्याङ्कनलाई नै प्रमाणीकरण गरेको राष्ट्रिय परीक्षा बोर्डले यो वर्ष भने भौतिक उपस्थितिमा नै परीक्षा सञ्चालन गर्न लागेको छ। एसईईमा सबैभन्दा बढी काठमाडौंबाट ३६ हजार र सबैभन्दा कम मनाङबाट २९ जना विद्यार्थी सहभागी हुने एसईई परीक्षा नियन्त्रकले जानकारी दिएका छन। बोर्डले दुई हजार सात परीक्षा केन्द्र र एक उपकेन्द्रबाट परीक्षा सञ्चालन गर्ने भएको छ। बोर्डले यो वर्ष नवलपुर जिल्लामा एक उपकेन्द्र तोकेको छ।

परीक्षा नियन्त्रण कार्यालयको अनुसार २०७८ को एसईईमा कुल ५ लाख १४ हजार ७६० परीक्षार्थी सहभागी हुनेछन् । यो वर्ष परीक्षामा नियमिततर्फ ४ लाख ८८ हजार ७४२, प्राविधिकतर्फ १४ हजार ५६४ र ग्रेड वृद्धितर्फ ११ हजार ४५४ परीक्षार्थी एसईईमा सहभागी हुने बोर्डले जनाएको छ । सामान्यतर्फ ११ हजार ६१५ विद्यालय र प्राविधिकतर्फ २९९ विद्यालयका विद्यार्थीहरु यो वर्ष एसईईमा सहभागी हुनेछन। कोरोना महामारीको कारण दुई वर्ष अन्तारिक मूल्याङ्कन आधारमा नतिजा प्रकाशित हुँदा ग्रेड वृद्धिका लागि परीक्षा दिन नपाएका विद्यार्थीहरुले यो वर्ष दिईरहेका छन् । यस वर्ष ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा केन्द्रले जनाएको छ।

यसवर्ष नेपाल बाहिर पनि परिक्षा हुँदैछ ।नेपालले पनि विदेशबाट परिक्षा संचालन गर्न सक्छ भन्ने देखाउने भएको छाजापानमा सञ्चालित विद्यालयमा पनि शुक्रबार नै एसईई सुरु हुँदैछ । जापानको टोकियोस्थित नेपाली स्कुल एभरेष्ट इन्टरनेशनलमा पनि माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन हुन लागेको छ। परीक्षाको लागि प्रश्नपत्र अनलाइनमार्फत परीक्षा सञ्चालन हुन आधा घन्टा अघि पठाउने तयारी गरेको परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिएका छन। यस विद्यालयमा एसईई गत वर्षदेखि सुरु भएको हो। गत वर्ष कोभिड-१९ का कारण आन्तरिक मूल्यांकनलाई नै बोर्डले प्रमाणीकरण गरेको थियो ।

यो वर्ष भने जापानबाट १९ जना विद्यार्थी सहभागी हुनेछन् । विद्यार्थीको उत्तरपुस्तिका केन्द्राध्यक्षले रुजु गरेर सिलबन्दी गरी नेपाल पठाउनेछन् । गत वर्ष २४ जना विद्यार्थीले एसईई उत्तीर्ण गरेका थिए । राष्ट्रिय परिक्षा बोर्डले लिने एसईईको परिक्षालाई अझै हाउगुजी बनाउन खोजिएको छ । कोरोनाका कारण दुई वर्ष हुन नसकेको परिक्षा हुँदा विद्यार्थी र विद्यालयले आफ्नो क्षमता देखाउन पाउनेछन् ।दुई वर्ष आन्तरिक मुल्यांकन गरेको आधार सहि थियो कि थिएन भन्ने मापन गर्ने आधार बन्नेछ ।परिक्षालाई मर्यादित र भय रहित वातावरण बनाउन सबै क्षेत्रको सहयोग आवश्यक हुन्छ । देश चुनावमा होमिएको बेला परिक्षाप्रति सबैको ध्यान जानू आवश्यक छ।

# ऋण सम्झौतापछि खानेपानी योजना निर्माण थालियो

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ बैशाख**

व्यास नगरपालिका-१ स्थित भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र नगर विकास कोषबीच ऋण सम्झौतापछि निर्माण कार्य अघि बढेको छ।

नगर विकास कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटा र भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष चिजबहादुर दरैबीच उक्त सम्झौता भएको हो । खानेपानी तथा ढल व्यवस्थापन विभागबाट छनोट भएपछि सहलगानी आयोजनाअन्तर्गत मादीनदी लिफ्टी-खानेपानी आयोजनाका लागि रु तीन करोड ८१ लाखको ऋण सम्झौता भएको छ। खानेपानी तथा ढल व्यवस्थापन विभागबाट छनोट भई बोलपत्रदाताले पेश गरेको ठेक्का कबोल खानेपानी आपूर्तितर्फ रु १५ करोड २४ लाख ३६ हजारको दुवै कार्यालयबीच सम्झौता भएको हो। उपभोक्ताबाट सङ्कलित पाँच प्रतिशत अर्थात् रु एक करोड ३१ लाख खातामा जम्मा गरिसकेपछि सम्झौता भएको हो। व्यास नगरपालिका-४ स्थित मादी नदी किनारबाट व्यास नगरपालिका-१ को अमिली भञ्याङमासम्म करिब पाँच किलोमिटर लामो दूरीबाट पानी ल्याउन लागिएको भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । सम्झौतापश्चात् व्यास नगरपालिका-१ स्थित अमिलीभञ्याङमा प्रशोधन केन्द्रका लागि जग्गा सम्याउने काम सम्पन्न गरी सेडीमेन्टेन्सन, स्लो स्याण्ड र रिजर्भ ट्याङ्की निर्माण भइरहेको छ। उक्त खानेपानी संस्थाले खानेपानी प्रशोधन केन्द्र निर्माण गर्नका लागि करिब ३६ आना जग्गा यसअघि नै खरिद गरिसकेको छ । नेपाल सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा आयोजना सम्पन्न गर्ने लक्ष्य छ। विसं २०८० भदौ भित्र आयोजना निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको हो । उक्त आयोजनाको ठेक्का पराजुली कन्स्ट्रक्सनले लिएको छ । विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भई ५२ वटा सार्वजनिक धाराबाट सुरुआत गरेको संस्थाले हालसम्म २ हजार ६०० बढी निजी धारा जडान गरी पानी वितरण गर्दै आएको छ। आयोजना निर्माणपछि व्यास नगरपालिकाको वडा नं १ का पूरै र वडा नं १२ का केही स्थानका बासिन्दाले पानी पाउने संस्थाका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो।

# बराह तालमा पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ बैशाख**

म्याग्दीको मालिका गाउँपालिका-७ बिमवाङस्थित बराह ताल संरक्षणका लागि पूर्वाधार निर्माण गरिएको छ । बराह तालको संरक्षण गरी पर्यटन विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माण गरिएको हो।

मालिका गाउँपालिका-७ बिमका वडाध्यक्ष रेशम जुग्जालीले बराह तालमा घेराबार, पैदलमार्ग र सार्वजनिक शौचालय निर्माण गरिएको जानकारी दिनुभयो। "बराह ताललाई धार्मिक र पर्यटकीय गन्तब्य बनाउने अभियानमा जुटेका छौँ", उहाँले भन्नुभयो, "पूवाधार्र निर्माणसँगै धार्मिक महत्व र पर्यटकीय सम्भावनाको प्रचारप्रसारमा जोड दिएका छौँ।"

मालिका गाउँपालिकाको रु १० लाख सहयोगमा ताल वरपर ढुङ्गा बिछ्याएर पदमार्ग र पर्खाल निर्माण गरिएको छ। चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु तीन लाख बजेटबाट ताल परिसरमा सार्वजनिक शौचालय निर्माण गरिएको हो । उपभोक्ता समितिका अध्यक्ष डेकप्रसाद फगामीले पदमार्ग र पर्खाल निर्माण भएपछि ताल आकर्षक बनेको बताउनुभयो । "प्रचारप्रसार नहुँदा बिम बराह ताल ओझेलमा परेको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय चहलपहल बढ्न थालेको छ।" करिब ४५/४५ मिटर लम्बाइ चौडाइ र तीन मिटरभन्दा बढी गहिरो ताल समुद्री सतहदेखि दुई हजार २०० मिटरको उचाइमा अवस्थित छ। तालको पृष्ठभूमिमा धौलागिरि र गुर्जा हिमाल छन्।

तालमा हिमालको छायाँ पर्दा मनमोहक दृष्य देखिन्छ। त्यहाँ रहेको जलबराहको थानमा पूजाआजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास छ। ताल गोलो आकारको छ। पर्खालले पाखोबाट तालमा आउने बाढी र भल तर्काउन सघाएको छ। भलबाढीले तालको गहिराइ र क्षेत्रफल घट्दै गएको थियो । ताल परिसरमा बगैंचा निर्माणका लागि युवाले फूलका बिरुवा रोपेका छन्।

मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि बिम, बिमवाङ हुँदै धार्मिक पर्यटकीयस्थल मालिका धुरी जोड्ने सडक सुगुरथलासम्म जोडिएको छ। यो सडकबाट एक मिनेट पैदलयात्रा गरेपछि तालमा पुग्न सकिन्छ । बेनी-टोड्के-मालिका-बराह ताल हुँदै धौलागिरि आधार शिविर जोड्ने पदमार्ग सञ्चालन, तालको संरक्षण, पर्यटकको सुविधाका लागि होमस्टे सञ्चालन र प्रचारप्रसारका लागि एकीकृत योजना बनाइएको छ।

# डिआइजी लोहनीद्वारा मनाङका मतदान केन्द्रको निरीक्षण

**पोखरापत्र संवाददाता**
**मनाङ, ८ बैशाख**

गण्डकी प्रदेशका प्रहरी नायब महानिरीक्षक (डिआइजी) दिवेश लोहनीले मनाङका अतिसंवेदनशील मतदान केन्द्रको निरीक्षण गर्नुभएको छ । उहाँले जिल्लाका अतिसंवेदनशील पाँच मतदान केन्द्रको निरीक्षण गर्नुभएको हो।

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा जिल्लाका मतदानस्थलको अवस्थाको विश्लेषण तथा आवश्यक सुरक्षा व्यवस्था मिलाउन लोहनी मनाङ आउनुभएको हो । विकट तथा संवेदनशील क्षेत्रमा शान्त र सुरक्षित तवरबाट मतदान गराउन उहाँले जिल्लास्थित सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ । प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यका अनुसार मतदानस्थलमा आवश्यक सुरक्षा प्रबन्धनका लागि जिल्लामा रहेका २८ मतदानस्थललाई तीन तहमा बाँडिएको छ। पाँच मतदानस्थललाई अतिसंवेदनशीलमा राखिएको आचार्यले बताउनुभयो। भौगोलिक विकटता, विगतको सुरक्षा विश्लेषण, राजनीतिक दलबीचको प्रतिस्पर्धा, सञ्चार, सामाजिक संरचनालगायत आधारमा पाँच मतदानस्थललाई अतिसंवेदनशिलमा राखिएको उहाँले बताउनुभयो । पन्ध्र मतदानस्थललाई संवेदनशील तथा आठ मतदानस्थललाई सामान्यमा राखिएको छ । अतिसंवेदनशिल र संवेदनशीलरुपमा वर्गीकरण गरिएका मतदानस्थलमा सोहीअनुसार सुरक्षा प्रबन्ध मिलाइने प्रजिअ आचार्यले बताउनुभयो । सोहीअनुसार स्थानीय तहको निर्वाचनको दिन मतदानस्थलको सुरक्षा, मतपेटिका गणना स्थलसम्म सुरक्षितरुपमा लैजाने योजनासहित सुरक्षा प्रबन्ध मिलाइएको आचार्यले बताउनुभयो।

मनाङमा २८ मतदान केन्द्र निर्धारण गरिएको छ । निर्वाचन आयोगको तथ्याङ्कअनुसार जिल्लामा ६ हजार ४९६ मतदाता छन् । पुरुष तीन हजार १४८ र महिला मतदाताको सङ्ख्या तीन हजार ३४८ रहेको छ।

# बेनी-जोमसोम सडक मर्मत धमाधम

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ बैशाख**

हिमाल पारीको जिल्ला मुस्ताङ जाने एकमात्र सडक मार्ग बेनी-जोमसोम सडक धमाधम मर्मत भइहेको छ। कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-जोमसोमखण्डचौडातथास्तरोन्नतिका लागि दैनिक चार घण्टा सडक बन्द गरेर मर्मतलाई तीव्रता दिइएको मुस्ताङ जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

त्यहाँका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र ढकालका अनुसार बुधबारदेखि वैशाख २० गतेसम्म १४ दिन बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडकमा यातायातका साधन चल्न नदिएर मर्मत गर्न लागिएको हो। यो सडकखण्ड वैशाख २० गतेसम्म दैनिक चारघण्टा अवरुद्ध हुने भएको छ। सडकलाई चक्लाबन्दी गर्ने क्रममा ब्रेकरले चट्टान फुटाउन नसक्दा मुस्ताङको घाँसा, काभ्रेभीरलगायत ठाउँमा विस्फोटक पदार्थ प्रयोग गर्नुपर्ने भएकाले सडक बन्द गरिएको उहाँको भनाइ थियो । यसअघि जिल्ला सुरक्षा समितिको बैठकले सडक निर्माणको काममा सहजीकरण गर्न बाटो बन्द गर्ने निर्णय गरेको थियो। मुस्ताङ पुग्ने सोही सडकअन्तर्गत बेनी-मालढुङ्गा सडकखण्ड पनि दैनिक पाँच घण्टा बन्द गरिएको छ। पर्वतको कुश्मा नगरपालिका-१ पाङको मालढुङ्गादेखि १३ किलोमिटर दूरीमा म्याग्दीको बेनीसम्म जोडिने साँघुरो सडकको चक्लाबन्दी र स्तरोन्नतिकाका लागि सडक बन्द गरिएको हो । सवारीसाधन गुडिरहेको अवस्थामा सडक निर्माण गर्न समस्या हुने भएपछि निर्माण कम्पनीको अनुरोधमा पर्वत जिल्ला प्रशासन कार्यालयले बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्मका लागि सडक बन्द गरेर काम गर्न अनुमति दिएको थियो । पर्यटकीय याम सुरु भएसँगै मुस्ताङ आउजाउ गर्ने सवारी साधनको चाप बढ्दा सडकमा काम गर्न समस्या भएपछि सडक अवरुद्ध गरेर मर्मत गर्नुपरेको सहायक प्रजिअ ढकालले बताउनुभयो।

# एसइई दिन सदरमुकाम आउनुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ बैशाख**

शुक्रबारदेखि माध्यमिक शिक्षा परीक्षा (एसइई) सुरु हुँदैछ। प्राविधिक विषय पढिरहेका विद्यार्थीलाई भने सो परीक्षा दिन सदरमुकाम आउनुपर्ने बाध्यता छ। यहाँका दस सामुदायिक विद्यालयमा प्राविधिक विषयको पढाइ हुन्छ । ती विद्यालयमा पढ्ने विद्यार्थीका लागि एउटै मात्र परीक्षा केन्द्र तोकिएकाले समस्या भएको हो।

सदरमुकामस्थित रुद्रेपिपल माध्यमिक विद्यालय- परीक्षा केन्द्रबाट दसै विद्यालयका २५५ विद्यार्थीले परीक्षा दिदैँछन् । टाढा-टाढाका विद्यार्थी हिजोअस्तिदेखि नै बागलुङ बजार झरेर होटलमा बसेका छन् । ताराखोला गाउँपालिका-४ स्थित नेपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक उमानाथ अधिकारी १५ विद्यार्थी लिएर आफै सदरमुकाम आउनुभएको छ । "विद्यार्थीलाई होटलमा राखेका छौँ, आज परीक्षा केन्द्र देखाउन लानु छ", उहाँले भन्नुभयो, "परीक्षा केन्द्र टाढा हुँदा विद्यार्थीलाई समस्या छ।"

एकातिर अभिभावकको खर्च बढ्ने र अर्कातिर एक्कासि नयाँ ठाउँमा गएर परीक्षा दिनुपर्दा गाउँका विद्यार्थीलाई मनौवैज्ञानिक असर पर्ने प्रअ अधिकारीको भनाइ थियो। नेपाल माविमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धारतर्फ पशु विज्ञानको पढाइ हुन्छ। परीक्षा केन्द्र सदरमुकाममा तोकिँदा यातायातदेखि होटलको खाना र बासमा विद्यार्थीको ठूलो खर्च हुने गरेको छ। अरुकोभन्दा प्राविधिक धारका विद्यार्थीले परीक्षा दिने विषय पनि धेरै छन् । साधारण विषयतर्फको परीक्षा १७ गते सकिने भए पनि प्राविधिकतर्फको परीक्षा २० गतेसम्म चल्ने जनाइएको छ। शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कुश्मराज उपाध्यायले चाहेर पनि यो वर्ष परीक्षा केन्द्र थप्न नसकिएको बताउनुभयो । "मन्त्रालयमा पनि यो विषयमा कुरा पुगेको छ, अर्को वर्षदेखि प्राविधिक धारका लागि थप परीक्षा केन्द्रको व्यवस्था हुन्छ", उहाँले भन्नुभयो, "तीन सयसम्म विद्यार्थी हुँदा तीन वटासम्म केन्द्र तोक्न सकियो भने पनि धेरै सहज हुने देखिन्छ।" विद्यार्थी थोरै भएका ठाउँमा परीक्षा केन्द्र राख्दा राज्यको व्ययभार पनि बढ्ने हुँदा माथिबाटै सोही अनुसारको प्रबन्धका लागि निर्देशन हुने गरेको एकाइले जनाएको छ। सदरमुकामदेखि १२० किमि टाढा निसीखोला गाउँपालिकासम्मका विद्यार्थी एसइई दिन सदरमुकाम आएका छन् । त्यहाँको ज्ञानेन्द्र माध्यमिक विद्यालयमा पनि प्राविधिकको विषयमा पढाइ भइरहेको छ । एकाइ प्रमुख उपाध्यायका अनुसार प्राविधिकतर्फ यहाँका विद्यालयमा कृषि, पशु विज्ञान, सिभिल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङको पढाइ हुन्छ। प्राविधिक धारसहित जिल्लाका कुल चार हजार ८९६ विद्यार्थी परीक्षामा सम्मिलित हुँदैछन् । तीमध्ये साधारण संस्कृतका १२, गुरुकुलका पाँच र दृष्टिविहीन दुई विद्यार्थी पनि छन् । सबै परीक्षा केन्द्रमा उत्तर पुस्तिकालगायत सामग्री पुऱ्याइएको एकाइले जनाएको छ । एकसय आठ सामुदायिक, ३२ संस्थागत र एक खुला गरी १४१ विद्यालयका परीक्षार्थीले एसइई दिनेछन्। कोभिड-१९ महामारीका कारण गएका दुई वर्षमा आन्तरिक मूल्याङ्कमार्फत एसइई नतिजा सार्वजनिक गरिएको थियो । अहिले महामारी थामिएर स्थिति सामान्य बनेपछि भौतिक रुपमै परीक्षा सञ्चालन हुन लागेको हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : मन चञ्चल |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## आर्कषक घडेरी बिक्रीमा

**लेखनाथ-३१ महोरिया बेगनास ताल नजिक अवस्थित आर्कषक घडेरी बिक्रीमा छ।**

**क्षेत्रफलः १८ X ४० को प्रति हात**

**२ लाख ६० हजार**

**३० X ४० को प्रति हात**

**२ लाख ५० हजार**

**सम्पर्कः**

**९८१६१३४९६३**


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ओखलढुङ्गा हुदैं घडेरी ग्रामीण सडक स्तरउन्नती गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः बाम्दी ओखलढुङ्गा हुदैं घडेरी ग्रामीण सडक स्तरउन्नती**

**स्थानः पोखरा-२३ कास्की**

**योजना सुरु गर्ने मितिः २०७८/१०/२६ गते**

**योजना सम्पन्न हुने मिति : २०७९/०१/३० गते**

**योजना सम्पन्न भएको मितिः २०७९/०१/०८ गते**

**योजनाको कुल लागत : रु. ११,७६७५४/५८**

**महानगरपालिकाबाट रकम : रु.१०,००,०००।-**

**जनश्रम उपभोक्ताबाट : रु. १७६४६१**

**उपभोक्ता समिति अध्यक्षः शिवलाल पराजुली**

**उपभोक्त समतिः ११ जना, पुरुष ८ र महिलाः ३ जना**

**बाम्दी ओखलढुङ्गा ग्रामीण सडक निर्माण उपभोक्ता समिति**

**पोखरा-२३ कास्की**

